रामनगर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : २  संख्या : २  मिति : २०७५/३/३०

# भाग १

## रामनगर गाउँपालिका

नेपालको संविधान, २०७२ ले दिएको अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले गरेको व्यवस्था बमोजिम रामनगर गाउँपालिकाको गाउँसभाले गरेका निर्णयहरु तथा बनाएका ऐन कानुनहरु सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**रामनगर गाउँपालिकाको तेस्रो गाउँसभा, २०७५ असार ले गरेका निर्णयहरु**

**मिति २०७५/३/१३ गते बुधवार**

**निर्णय नं. १**: नेपालको सामाजिक परिवर्तन, लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्नका लागि विभिन्न समयमा आफ्नो जीवन उत्सर्ग गरी समतामुलक समाज निर्माणको पक्षमा हिड्न प्रेरणा दिनुहुने ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रन्द्धाञ्जली व्यक्त गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

**निर्णय नं. २:** आ.व. ०७५/०७६ को लागि दिईएको बजेट मार्गदर्शन बमोजिम गाउँस्तरीय र वडास्तरीय कार्यक्रम तथा बजेट माथि दफावार छलफल गरीयो ।

**निर्णय नं. ३**: आ.व. ०७५/०७६ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाको लागि विभिन्न मितिमा भएको वडास्तरीय भेला, वडा सभा तथा विषयगत समितिहरुको बैठक तथा गाउँ कार्यपालिकाको बैठकबाट सिफारिस भएको र प्राप्त सुझावहरु समेटिएको संलग्न नीति, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

## मितिः २०७५/३/१५ गते शुक्रवार

**निर्णय नं. १: मर्मत सम्भार कोषको स्थापना:** गाउपालिका क्षेत्र भित्र रहेका सडक लगायत अन्य भौतिक पूर्वाधारको नियमित मर्मत सम्भारको लागि रु. २५ लाख रहने गरी मर्मत सम्भार कोष स्थापना गर्ने र उक्त कोषमा जम्मा भएको रकम गाउँ कार्यपालिकाले आवश्यकता र आकस्मिकताको आधारमा योजना तय गरी मर्मत सम्भार लगायत भौतिक पूर्वाधारमा खर्च गर्न सक्ने गरी अधिकार दिने निर्णय सर्वसम्मतिबाट गरियो ।

**निर्णय नं. २:** गाउँपालिकाको आफ्नै भवन नभएको र यो क्षेत्रमा कार्यालय संचालन गर्न उपयुक्त भवन समेत नभएको हुँदा वडा नं. ४ स्थित ऐलानी जग्गामा कार्यालय भवन निर्माण गर्नका लागि जग्गाको स्वामित्व गाउपालिकाको नाममा ल्याउने कारवाही अगाडी बढाउने र उक्त जग्गामा भवन निर्माणको लागि रु १ करोड २५ लाख वजेट विनियोजन गर्ने र अपुग बजेटका लागि प्रदेश सरकार तथा संघीय सरकारमा माग गर्ने अधिकार कार्यापालिकालाई दिने निर्णय सर्वसम्मतिबाट गरियो ।

**निर्णय नं. ३:** आ.व. ०७५/०७६ को लागि पदाधिकारी वैठक तथा सो बैठकमा खटिने कर्मचारीहरुलाई तालिका (क) मा उल्लेख भए अनुसार हुने गरी व्यवस्थापन गर्न कार्यपालिकालाई निर्देशित गर्ने र त्यसैगरी गाउँपालिकाबाट सञ्चालन हुने तालिम, गोष्ठी तथा सेमिनारमा खर्च आदिमा खर्चको नर्म्स तालिका (ख) मा उल्लेख भएबमोजिम गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

**तालिका (क)**

| सि.नं. | सभा/बैठक | पदाधिकारी | बैठक भत्ता (प्रति वैठक) कर समेत |
|---|---|---|---|
| १. | गाउँ सभा | अध्यक्ष | रु. १००० |
| | | उपाध्यक्ष/सदस्य/सदस्य सचिव र बैठकमा समन्वय गर्ने कर्मचारी मात्र | रु. १००० |
| २. | कार्यपालिका | अध्यक्ष | रु. १००० |
| | | उपाध्यक्ष/सदस्य/सदस्य सचिव र बैठकमा समन्वय गर्ने कर्मचारी मात्र | रु. १००० |
| ३. | अन्य वैठक | अध्यक्ष | रु. १००० |

| | | | |
|---|---|---|---|
| | | उपाध्यक्ष/सदस्य/सदस्य सचिव र बैठकमा समन्वय गर्ने कर्मचारी मात्र | रु. १००० |
| ४. | कर्मचारी मुल्यांकन लगायत विविध बैठक | संयोजक (प्र.प्र.अ.) | रु. १००० |
| | | सदस्य/सदस्य सचिव | रु. १००० |

नोटः पदाधिकारी बैठकमा विषयगत शाखा, कार्यालयका कर्मचारी वा विज्ञ समेतलाई आमन्त्रि गर्न सकिने र आमन्त्रितलाई पदाधिकारीले पाए सरह नै बैठक भत्ता दिने ।

**तालिका (ख)**

| सि.नं. | विवरण | इकाई | खर्च सीमा (कर समेत) |
|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | प्रति दिन | रु. १००० |
| २ | **आन्तरिक प्रस्तुतकर्ता** | | |
| | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति कक्षा | रु. १५०० |
| | सहायक प्रशिक्षक | | रु. १२०० |
| | कार्यपत्र वापत | प्रति कार्यपत्र | रु. ७०० |
| ३. | **बाहिरी प्रस्तुतकर्ता** | | |
| | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति कक्षा | रु. २००० |
| | सहायक प्रशिक्षक | प्रति कक्षा | रु. १५०० |
| | कार्यपत्र वापत | प्रति कार्यपत्र | रु. १००० |
| | खाजा खर्च | प्रति जना | रु. २०० |
| | खाना खर्च | प्रति जना | रु. ३५० |
| | सहभागि यातायात खर्च | विल अनुसार | |
| | बाहिरी प्रशिक्षक दै.भ्र. भत्ता | प्रति दिन | रु. १६०० |
| | बाहिरको प्रशिक्षक यातायात खर्च | विल अनुसार | |
| | स्टेशनरी | प्रति जना | रु. १०० |

**निणय नं. ४:** विभिन्न वडा समितिको निर्णय अनुसार आएका योजना तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भई आएका अनुसूचीमा समावेश योजना स्वीकृत गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

**निर्णय नं. ५:** गाउपालिकामा आन्तरिक लेखाको व्यवस्था नभएसम्मको लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आ.ले.प. गराउने निर्णय गरियो ।

**निर्णय नं. ६:** गाउपालिकामा रहेका सार्वजनिक पोखरी, जग्गा, हाटबजार (सिसौट र खैर्वा), नदिनालाहरु (खैर्वा घाट र ध्रुर्वा घाटमा डुंगा तथा बागमती, मनुष्मारा र एकादशीमा माछामार्ने) को ठेक्का लगाउने प्रकृया अगाडी वढाई आ.व.०७५/०७६ को लागि

नियमानुसार ठेक्का बन्दोवस्त गर्न गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** आ.व. ०७४/०७५ मा गाउँसभाबाट स्वीकृत गरि संचालन गरिएका वार्षिक कार्यक्रमहरु र संशोधित वार्षिक कार्यक्रमहरु तथा कार्यपालिकाबाट अनुमोदन गराउने गरी भएका सवै निर्णयहरु अनुमोदन गरी ति निर्णयहरुबाट फरफारक भएका कार्यक्रमहरु सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** आ.व. ०७४/०७५ मा शुरु भएका तर सम्पन्न भई नसकेका योजनाहरुको आगामी आ.व. ०७५/०७६ मा भुक्तानी दिने निर्णय सम्मतिबाट गरियो ।

**निर्णय नं. ९:** आ.व. ०७४/०७५ मा छनौट भएका तर शुरु नभएका कार्यान्वयन हुन सक्ने योजनाहरुलाई निरन्तरता दिने निर्णय सर्वसम्मतिबाट गरियो ।

**निर्णय नं. १०:** यस गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा कार्यरत शिक्षक कर्मचारीहरुको तलव भत्ता चौमासिक रुपमा दिदै आएकोमा आ.व. ०७५/०७६ देखि मासिक रुपमा तलव भत्ता विद्यालयको खातामा भुक्तानी दिने निर्णय सर्वसम्मतिबाट गरियो ।

**निर्णय नं. ११:** यस कार्यालयमा कर्मचारी अभाव भएको हुँदा स्थानिय शिक्षा ऐन तथा नियमावली बनी नसकेको हुँदा स्थानिय सरकार संचालन ऐनको दफा ११(२) (ज) अनुसारको शिक्षा सम्बन्धी कार्यहरु संघीय शिक्षा ऐन, नियमावली तथा निर्देशिका बमोजिम गाउँ शिक्षा समितिको निर्णय अनुसार गर्ने र आ.व. ०७४/०७५ मा शिक्षा सम्बन्धमा भएका कार्यहरु अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

**निर्णय नं. १२:** यस गाउँपालिकाबाट सम्पादित हुने कार्यहरु यस गाउँपालिकाले बनाएका स्थानिय ऐन, नियम तथा निर्देशिका अनुसार नै हुने र स्थानिय ऐन, नियम तथा निर्देशिका नबनेका विषयमा संघीय कानून अनुसार गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

**निर्णय नं. १३:** आर्थिक ऐन, २०७५ र रामनगर गाउँपालिकाको विनियोजन ऐन, २०७५ सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**मिति २०७५/३/१७ गते आइतवार**

**निर्णय नं. १:** आ.व. ०७५/०७६ मा संचालन हुने विकास निर्माण आयोजनाहरुको वार्षिक कार्यक्रम तथा बजेट बमोजिमको कार्ययोजना सहितको कार्यतालिका स्वीकृत गर्न गाउँ कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. २:** यस सभाबाट गठन हुन नसकेका विविध विषयहरुका विषयगत समिति तथा उपसमितिहरु र अन्य आवश्यक विषयका समिति तथा उपसमिति गठन गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** विपद व्यवस्थापनको लागि विपदको पूर्व तयारी तथा प्रतिकार्य योजना, राहत

सामाग्रीको भण्डारण, वितरण र समन्वयको लागि रु. ६४ लाख बजेट विनियोजन गरि सोको व्यवस्थापन गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने र गाउपालिकाका अध्यक्षको अध्यक्षतामा देहायका सदस्य रहने गरी विपद व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १) | गाउँपालिकाका अध्यक्ष | अध्यक्ष |
| २) | स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| ३) | गाउँस्तरिय राजनैतिक दलका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ४) | प्रत्येक वडाका वडा अध्यक्षहरु | सदस्य |
| ५) | इलाका/प्रहरी चौकीका प्रमुख | सदस्य |
| ६) | बि.ओ.पी. अचल गणका प्रमुख | सदस्य |
| ६) | नेपाल रेडक्रस सोसाईटीका प्रमुख | सदस्य |
| ७) | गैर सरकारी संस्था प्रमुख | सदस्य |
| ८) | अध्यक्षले तोकेको कुनै कर्मचारी | सदस्य सचिव |

साथै प्रत्येक वडाका वडा अध्यक्षको संयोजकत्वमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने र विपदको पूर्व तयारी तथा प्रतिकार्य योजना विपद व्यवस्थापन समितिले तयार गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ४**: नेपाल सरकारले निर्धारण गरेको सडक मापदण्ड बमोजिमको सडक क्षेत्र भित्र अव्यवस्थित रुपमा निर्माण भएका भौतिक संरचना तथा गैर कानूनी रुपमा निर्माण भएका जुनसुकै संरचना हटाई सडक विस्तार  तथा अन्य विकास निर्माण कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** गाउँसभाबाट पारित कार्यक्रम तथा बजेट कार्यान्वयनको शिलशिलामा कुनै कारणले कार्यान्वयन हुन नसक्ने अवस्था सृजना भएमा वडा समितिको सिफारिसमा १० प्रतिशत कार्यक्रम तथा बजेट संसोधन, थप वा घट गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने र सोको अनुमोदन गाउँसभाबाट गर्ने निर्णय गरियो ।

## २०७५/३/२० गते बुधवार

**नर्णय नं. १:** गाउँ कार्यपालिकाको कार्यालयमा करारमा कार्यरत कर्मचारीहरुलाई अर्को व्यवस्था नभएसम्म आवश्यकता अनुसार कार्यालयले म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** विभिन्न निकायबाट संचालन हुने बैठक, सेमिनार, गोष्ठी, योजना निरीक्षण तथा सदरमुकाम आवत जावतको लागि कार्यालयमा आवश्यक सवारी साधन नभएको हुँदा सवारी साधन खरीद नभएसम्मको लागि अध्यक्षको लागि नेपाली नं प्लेटको गाडी सम्झौता

गरी मासिक रु. ७५,०००/- (पचहत्तर हजार मात्र) मा सवारी साधन भाडामा लिई संचालन गर्ने र सो सवारी साधनको लागि मासिक २०० लि. इन्धन उपलब्ध गराउने साथै सोभन्दा बढी इन्धन खपत भएमा कारण सहित लगबुक भरेर मात्र इन्धन उपलब्ध गराईने र प्रमुख प्रशासकीय अधिकृतको हकमा आवश्यकता अनुसार सवारी साधन भाडामा लिई लग बुक अनुसार इन्धन उपलब्ध गराउने निर्णय गरियो । साथै अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतलाई एउटै वैठक, सेमिनार, गोष्ठीमा जानु पर्ने भएमा एक वटा सवारी साधन प्रयोग गरि जान निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३:** प्रत्येक योजनाहरु संचालन गर्नको लागि कार्यादेश अध्यक्षले दिने र योजनाको विल भुक्तानी गर्दा योजनाबाट टिप्पणी उठान गरी लेखाको राय लिनुपर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले लिई आवश्यकता अनुसार अध्यक्ष समक्ष पेश गरेर मात्र भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४:** यस गाउँपालिकाको मुख्य सडक क्षेत्रको बाटो ३० फिट कायम गर्ने र सहायक सडकमा अव बन्ने नयाँ भवन निर्माणको लागि बाटो १५ फिट हुनुपर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** यस गाउपालिकाबाट लगाईने ठेक्का बन्दोवस्त र मूल्याकंन गर्न गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा देहायका पदाधिकारीहरु रहेको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) गाउँपालिकाका अध्यक्ष | अध्यक्ष |
| ख) गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ग) विषयसंग सम्बन्धित प्राविधिक वा अध्यक्षले तोकेको अधिकृतस्तरको कर्मचारी | सदस्य |
| घ) योजना शाखा प्रमुख | सदस्य |
| ङ) स्टोर शाखा | सदस्य सचिव |

**निर्णय नं. ६:** गाउँपालिकाको लागि मालसामान/सवारी साधन खरीद/बोलपत्र आव्हान/टेन्डरहरुको मुल्यांकन गर्न योजना शाखा प्रमुखको संयोजकत्वमा देहायका पदाधिकारीहरु रहने गरि खरीद इकाई समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) योजना शाखा प्रमुख | संयोजक |
| ख) स्टोर शाखा | सदस्य |
| ग) प्रशासन शाखा प्रमुख | सदस्य |
| घ) गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ) आवश्यकता अनुसार विभिन्न निकाय वाट सो सम्बन्धि विज्ञता भएको आमन्त्रित पदाधिकारी | सदस्य |

**निर्णय नं. ७:** गाउँपालिकाबाट सम्पादन गरिने कार्यक्रम (योजनां) तथा निर्माण कार्यको लागि उपाध्यक्षको संयोजकत्वमा देहायका पदाधिकारीहरु रहेको अनुगमन समितिको सिफारिस पश्चात मात्र अन्तिम भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

| | |
|---|---|
| क) उपाध्यक्ष | संयोजक |
| ख) प्राविधक | सदस्य |
| ग) सम्बन्धित वडाका वडाअध्यक्ष | सदस्य |
| घ) योजना प्रमुख | सदस्य सचिव |

**निर्णय नं. ८:** समितिका पदाधिकारीहरु थपघट वा संशोधन गर्नुपर्ने आवश्यकता भएमा समितिमा थपघट वा संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकालाई दिने निर्णय गरियो ।

**निर्णय नं. ९:** यस गाउँपालिका तथा अन्तर्गतका वडाहरुमा रिक्त रहेका कार्यालय सहयोगी तथा अन्य पदमा कर्मचारी समायोजन पश्चात स्थानिय सरकार संचालन ऐन २०७४ मा व्यवस्था अनुसारको प्रकृया पु¥याई नियुक्ति गर्ने सर्वसम्मतिबाट निर्णय गरियो.।

**निर्णय नं. १०**: यस गाउँपालिका क्षेत्रभित्र तपसिल अनुसारको योजनाहरुको कार्यान्वयनको लागि आवश्यक बजेट, प्रविधि तथा अन्य सहयोगको लागि केन्द्र तथा प्रदेश सरकारसंग माग गर्ने निर्णय गाउँपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

क) यस गाउँपालिका क्षेत्र भित्रका मुख्य सडक र सदरमुकाम मलंगवा देखि यस गाउँपालिका जोडने मुख्य सडक कालो पत्र गर्न ।

ख) सिंचाईको लागि नहरको विस्तार गर्न ।

ग) यस गाउँपालिका क्षेत्र भित्र टेलिफोन लाईन तथा इन्टरनेट सुविधाको लागि नेपाल टेलिकमसंग समन्वय गर्न ।

घ) यस गाउँपालिका क्षेत्र भित्र पर्ने नदीनालाहरु र मुख्य सडक क्षेत्रमा पुल तथा कल्भर्ट निर्माण गर्न ।

**निर्णय नं. ११:** यो गाउँपालिका जिल्लाकै विकट क्षेत्र भित्र पर्ने र कर्मचारीहरु यस गाउँमा सरुवा भई आउन नचाहने हुँदा कर्मचारीहरुलाई यस गाउँपालिकामा आउने वातावरण बनाउनको लागि तथा कर्मचारीहरुको मनोवल उच्च राख्न यस गाउँपालिका र अन्तर्गत कार्यरत कर्मचारीहरुलाई आन्तरिक श्रोतबाट २० प्रतिशत स्थानिय भत्ता उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट गरियो ।

**निर्णय नं. १२:** आर्थिक रुपले विपन्न, असक्त, विरामी, अपाङ्ग व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउँदा व्यक्तिको अवस्था हेरी अध्यक्षले रु. १०,०००/- (दस हजारमात्र) सम्म स्वविवेकले आर्थिक सहायता उपलब्ध गराउन सक्ने र सो भन्दा बढी सहायता रकम दिनुपर्दा गाउँ कार्यपालिकाबाट निर्णय गराई अधिकतम रु. ५०,०००/- (पच्चास हजार रुपैयासम्म) आर्थिक सहायता उपलब्ध गराउने र आर्थिक रुपले विपन्न व्यक्तिलाई ठूलो रोग

लागि अशक्त विरामी परी उपचार गराउन नपाउँदा उसको ज्यानैसम्म जानसक्ने अवस्था छ भन्ने मेडिकल रिपोर्ट र डाक्टरको सिफारिसको आधारमा गाउँ कार्यपालिकाको निर्णय अनुसार रु. ५०,०००/- (पच्चास हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने र यसरी एउटै आ.व. मा ब्यक्ति नदोहोरीने गरी आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट गरियो ।

**निर्णय नं १३**: गाउँपालिका रहेको स्थान सर्लाही जिल्लाकै विकट गाउँमा पर्ने भएको हुँदा विभिन्न बैठक, सेमिनार, गोष्ठी, योजनाहरुको निरिक्षण तथा सदरमुकाम आवत जावत गर्न अत्यन्त कठिनाईको सामना गर्नु पर्ने भएको हुँदा कार्यालयको लागि १ वटा जीप, ७ वटा मोटरसाईकल र ७ वटा वडा कार्यालयलाई १/१ थान गरी जम्मा १४ थान मोटरसाईकल खरीद गर्न तथा यस क्षेत्रभित्र हुने फोहर मैला व्यवस्थापनको लागि १ थान ट्याक्टर खरीद गर्न अनुमानित रकम रु १ करोड ५ लाख बजेट विनियोजन गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

**निर्णय नं १४:** गाउँसभाको तयारीको क्रममा खटिएका कर्मचारीहरुले साँझ विहान अतिरिक्त समयमा काम गरेको हुँदा उपस्थित दिनको रु. १२०० का दरले (कर समेत) भत्ता उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट गरियो ।

## रामनगर गाउँपालिकाको आर्थिक ऐन, २०७५

गाउँसभावाट स्वीकृत मिति २०७५/३/१५

**प्रस्तावनाः**

रामनगर गाउँपालिकाको आर्थिक वर्ष ०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रामनगर गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि रामनगर गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचिमा उल्लेख भए बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूचिमा उल्लेख भए बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम,

टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचिमा उल्लेख भए बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचिमा उल्लेख भए बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचिमा उल्लेख भए बमोजिम कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचिमा उल्लेख भए बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचिमा उल्लेख भए बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचिमा उल्लेख भए बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचिमा उल्लेख भए बमोजिम हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचिमा उल्लेख भए बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **बजार, नदी, पोखरी, जलाशय तथा नला व्यवस्थापन कर ;** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका बजार, नदी, पोखरी, जलाशय तथा नला व्यवस्थापन गरेवापत कर टेन्डर अहवान गरि ठेका बाट असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचिमा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूचीमा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको

कर छुट दिईने छैन।

**१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

## अनुसूची १

### एकिकृत सम्पति कर

| क्र.स. | कर योग्य एकीकृत सम्पत्तिको मूल्य | बार्षिक दर |
|---|---|---|
| १. | रु. ५० हजार देखि २ लाख सम्म | रु. २०/- |
| २. | रु. २ लाख १ रुपैया देखि ५ लाखसम्म | रु. ५०/- |
| ३. | रु. ५ लाख १ रुपैया देखि १० लाखसम्म | रु. १००/- |
| ४. | रु. १० लाख १ रुपैया देखि १५ लाखसम्म | रु. २००/- |
| ५. | रु. १५ लाख १ रुपैया देखि २० लाखसम्म | रु. ३००/- |
| ६. | रु. २० लाख १ रुपैया देखि ३० लाखसम्म | रु. ४००/- |
| ७. | रु. ३० लाख १ रुपैया देखि ५० लाखसम्म | रु. १०००/- |
| ८. | रु. ५० लाख १ रुपैया देखि १ करोडसम्म | रु. २०००/- |
| ९. | रु. १ करोड १ लाख देखि २ करोड रुपैयाँसम्म | रु. ३५००/- |
| १०. | रु. २ करोड एक लाख रुपैयाँ देखि ३ करोडसम्म | रु. ५०००/- |
| ११. | रु. ३ करोड एक लाख रुपैयाँ देखि ५ करोडसम्म | रु. ७०००/- |
| १२. | रु. ५ करोड एक लाख रुपैयाँ देखि १० करोडसम्म | रु. १०,०००/- |

**नोटः**

१. झूट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा लुकाएको सम्पत्तिमा लाग्ने करको प्रति वर्ष ५० प्रतिशतले जरिबाना।

२. पौष मसान्तभित्र बुझाएमा लाग्ने कर रकममा दश प्रतिशत छूट।

३. बक्यौता करमा जरिबाना :

क) एक वर्षको बक्यौतामा सोको पन्द्रह प्रतिशतले हुन आउने रकम।

ख) एक वर्षभन्दा बढीको बक्यौतामा प्रतिवर्ष बिस प्रतिशतले हुन आउने रकम।

### भूमी कर (मालपोत)

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १. | भुमीकर ( मालपोत) | १ विगाहा १० कट्ठासम्म | रु.५ प्रतिकट्ठा |
| | | १ विगाहा १०कट्ठा देखि ३ विगाहासम्म | रु.७.५०प्रतिकट्ठा |
| | | ३ विगाहा भन्दा माथि | रु.११ प्रतिकट्ठा |

**घरवहाल कर**

| क.सं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १. | घर धनीबाट वहालमा गरेको सम्झौता अनुसार | वहाल मूल्य | १०% |

**व्यवसाय कर**

समूह क

| क.सं. | विवरण | विस्तृत विवरण | दर (वार्षिक) |
|---|---|---|---|
| १. | जेनेरल स्टोर/ हार्डवेयर/ कपडा/भाँडा/स्टेशनरी तथा पुस्तक/कस्मेटिक पसल (खुद्रा तथा थोक) | रु. ५० हजारसम्म पुँजीलागत भएका | रु. ५५०/- |
| | | रु. १ लाखसम्म पुँजीलागत भएका | रु. ८००/- |
| | | रु. ३ लाखसम्म पुँजीलागत भएका | रु. १४००/- |
| | | रु. ५ लाखसम्म पुँजीलागत भएका | रु. २२००/- |
| | | रु. ७ लाखसम्म पुँजीलागत भएका | रु.२८००/- |
| | | रु. १० लाखसम्म पुँजीलागत भएका | रु. ३८००/- |
| | | रु. २० लाखसम्म पुँजीलागत भएका | रु. ५५००/- |
| | | रु. ५० लाखसम्म पुँजीलागत भएका | रु. ११०००/- |
| | | रु. १ करोडसम्म पुँजीलागत भएका | रु. १६०००/- |
| | | रु. १० करोडसम्म पुँजीलागत भएका | रु. २६०००/- |
| | | १० करोड भन्दा माथि पुँजीलागत भएका | रु. ५५०००/- |
| २. | मिष्ठान्न भण्डार | | रु.८०००/- |
| ३ | खाना तथा नास्ता पसल | | रु. १५००/- |
| ४. | चिया तथा कफी पसल | | रु. ३००/- |
| ५. | सैलुन | | रु. ३००/- |
| ६. | साईकल/मोटरसाईकल मर्मत गर्ने | | रु. ३००/- |
| ७. | इलेक्ट्रोनिक्स/इलेक्ट्रीकल विक्री तथा मर्मत | | रु. १०००/- |
| ८. | फलफुल पसल | | रु. १०००/- |
| ९. | गल्ला (धान, गहुँ आदि किनबेच) | | रु. २०००/- |
| १०. | माछा/मासु विक्री गर्ने पसल | | रु. २५००/- |
| ११. | फोटोकपी सेवा | | रु. १०००/- |

| समूह ख | | | |
|---|---|---|---|
| १. | कुखुरा फाराम | | रु. ५५००/- |
| २. | मिल | धान, गहुँ, मसला र तेल पिसाई | रु. २५००/- |
| ३. | चिउरा मिल | | रु. २५००/- |
| ४. | टाली करखाना | | रु. ३५००/- |
| ५. | फर्निचर उद्योग | | रु. २५००/- |
| **समूह ग** | | | |
| १. | ईटा चिमनी | | रु. १५०००/- |
| २. | काठ चिरान | | रु. ३०००/- |
| **समूह घ** | | | |
| १. | सून चाँदी पसल | | तोकिए वमोजिम |
| २. | औषधी पसल | खुद्रा विक्रेता | रु. ३०००/- |
| ३. | भेट फर्मा | | रु. २०००/- |

**जडीबुटी, कबाडी र जिवजन्तु कर**

| क.सं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | जडीबुटी, कबाडी र जिवजन्तु कर | | तोकिएबमोजिम |

**सवारी साधन कर**

| क.सं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | सवारी साधन कर | | तोकिएबमोजिम |

**विज्ञापन कर**

| क.सं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | विज्ञापन कर | | तोकिएबमोजिम |

**मनोरन्जन कर**

| क.सं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | मनोरंजन कर | | तोकिएबमोजिम |

**बहाल विटौरी शूल्क**

| क.सं. | विवरण | विस्तृत विवरण | दर (रु. मा) |
|---|---|---|---|
| १ | ठूलो माछा प्रति टोकरी | हाटबजारको दिन हाट बजारमा थापेको पसलमा मात्र | ५० |
| २ | सानो माछा प्रति तसल्ला | ,, ,, | २० |
| ३ | माछाको खुद्रा पसल | ,, ,, | १५ |

| | | | |
|---|---|---|---|
| ४ | खसी बोका प्रति गोटा | ,, ,, | ५० |
| ५ | मुर्गा (कुखुरा) पसल | ,, ,, | ५० |
| ६ | अण्डा | ,, ,, | २० |
| ७ | खसी/कुखुराको मासु | ,, ,, | ३० |
| ८ | भट्टी पसल | ,, ,, | ४० |
| ९ | माटोको भाडा पसल | ,, ,, | १० |
| १० | चुडी पसल | ,, ,, | १५ |
| ११ | कचरी/मुढी पसल | ,, ,, | १५ |
| १२ | मिठाई | ,, ,, | २५ |
| १३ | डोम हलखोर | ,, ,, | १० |
| १४ | टायर गाडा | ,, ,, | ५० |
| १५ | चिउरा | ,, ,, | १५ |
| १६ | विडी/चुरोट/खैनी/पान | ,, ,, | २५ |
| १७ | खाने तेल | ,, ,, | २० |
| १८ | घीउ | ,, ,, | २५ |
| १९ | पैसाडी | ,, ,, | २० |
| २० | दर्जि | ,, ,, | २० |
| २१ | नुन | ,, ,, | १५ |
| २२ | मसला | ,, ,, | २० |
| २३ | सानो ढकी/छैटी/टोकरी | ,, ,, | १५ |
| २४ | ठूलो ढकी/छैटी/टोकरी | ,, ,, | २५ |
| २५ | स्टील/आल्मुनियम भाडाकुडा | ,, ,, | २५ |
| २६ | मिठा | ,, ,, | २० |
| २७ | अन्न खरीद | ,, ,, | २० |
| २८ | कोराई | ,, ,, | २० |
| २९ | जुत्ता सिउने | ,, ,, | १५ |
| ३० | लोहार | ,, ,, | १५ |
| ३१ | परचुन | ,, ,, | १५ |
| ३२ | हजाम | ,, ,, | १५ |
| ३३ | कपडा | ,, ,, | २५ |
| ३४ | कटघेरा | ,, ,, | २० |

| | | | |
|---|---|---|---|
| ३५ | घडी, रेडियो, मोवाईल | ,, ,, | २५ |
| ३६ | बरफ | ,, ,, | १५ |
| ३७ | मिठाई | ,, ,, | २० |
| ३८ | पाकेको केरा प्रति टोकरी | ,, ,, | १५ |
| ३९ | पाकेको कटहर | ,, ,, | २० |
| ४० | फलफुल पसल | ,, ,, | २५ |

**पार्किङ्ग शुल्क**

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | पार्किङ्ग शुल्क | साइकल | रु ५ |
| | | मोटरसाइकल | रु १० |
| | | हलुका सवारी | रु २० |
| | | हेभी सवारी | रु ५० |

**सेवा शुल्क, दस्तुर**

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १. | जन्म दर्ता, मृत्यु दर्ता, | ३५ दिन भित्र निशुल्क र त्यसपछि | रु. २५ |
| २. | विवाह दर्ता, | | रु. २५ |
| ३. | वसाई सराई | | रु. ५० |
| ४. | वडा कार्यालयबाट गरिने समान्य प्रकृतिका सिफारिस | | रु. २५ |
| ५. | वडा कार्यालयबाट गरिने जग्गा सम्बन्धी सिफारिस | | रु. ५० |
| ६. | जग्गा मूल्यांकनको सिफारिस | | मूल्यको ०.०५ प्रतिशत |
| ६. | वडा कार्यालयबाट गरिने अन्य सिफारिस | | रु. १०० |
| ७. | गाउँ कार्यपालिकाबाट गरिने समान्य प्रकृतिका सिफारिस | | रु. २५ |
| ८. | गाउँ कार्यपालिकाबाट गरिने जग्गा सम्बन्धी सिफारिस | | रु. ५० |
| ९. | गाउँ कार्यपालिकाबाट गरिने अन्य सिफारिस | | रु. १०० |
| १०. | फोटोकपी | प्रति पाना | रु. ३ |
| ११. | जन्म दर्ता/मृत्यु दर्ता/विवाहदर्ता/ बसाई सराई आदिको प्रतिलिपि लिंदा तोकिएको दस्तुरमा १०० प्रतिशत थप दस्तुर लाग्नेछ । | | |

**भवन निर्माण (नक्शापास) दस्तुर**

**पुराना भवन एवं संरचना अभिलेखीकरणको लागि**

| क.स.. | भवनको प्रकार | वेसमेन्ट तल्ला ( प्रति वर्ग फीट) रु. मा | भुई तल्ला (प्रति वर्ग फीट) रु. मा | पहिलो तल्ला ( प्रति वर्ग फीट) रु. मा | दोश्रो तल्ला ( प्रति वर्ग फीट) रु. मा | तेस्रो तल्ला र सोभन्दा माथि (प्रति वर्ग फीट) रु. मा |
|---|---|---|---|---|---|---|
| १. | आर.सि.सि पिल्लर भएको | १.२५ | १.५० | २.५० | ३.०० | ३.५ |
| २. | ढुङ्गा वा इटा वा ब्लकमा सिमेन्ट बालुवाको गारो ( आर.सि.सि. ढलान) | | १ | १.५० | १.७५ | |
| ३. | ढुङ्गा वा इटा वा ब्लकमा सिमेन्ट बालुवाको गारो - जस्ता वा टायलको छानो) | | ०.५० | ०.७५ | | |

**मुख्य सडकको दायाँबाँयामा नयाँ भवन एवं संरचना निर्माण प्रयोजनको लागि**

| क.स.. | भवनको प्रकार | वेसमेन्ट तल्ला ( प्रति वर्ग फीट) रु. मा | भुई तल्ला ( प्रति वर्ग फीट) रु. मा | पहिलो तल्ला (प्रति वर्ग फीट) रु. मा | दोश्रो तल्ला ( प्रति वर्ग फीट) रु. मा | तेस्रो तल्ला र सोभन्दा माथि (प्रति वर्ग फीट) रु. मा |
|---|---|---|---|---|---|---|
| १. | आर.सि.सि पिल्लर भएको | १.५० | १.७५ | २.०० | २.५० | ३.०० |
| २. | ढुङ्गा वा इटा वा ब्लकमा सिमेन्ट बालुवाको गारो ( आर.सि.सि. ढलान) | | १.२५ | १.७५ | २.०० | |
| ३. | ढुङ्गा वा इटा वा ब्लकमा सिमेन्ट बालुवाको गारो - जस्ता वा टायलको छानो) | | ०.७५ | १ | | |

नोटः

- शाखा सडकहरुको दाया बायाँ बन्ने घरको नक्सा पास गर्दा माथि उल्लेखित रकममा १० प्रतिशत र अन्य सडकको दायाँबाया बन्ने घरको नक्सा पास गर्दा १५ प्रतिशत कम लाग्नेछ ।
- महिलाको स्वामित्वमा रहेको निजी भवनहरुमा लाग्ने नक्सा पास दस्तुरमा ५ प्रतिशत छुट दिईने छ ।
- स्वीकृत नक्साको म्याद थप गर्दा पहिले लागेको दस्तुरको ५ प्रतिशत दस्तुर लिई पुनः २ वर्षको लागि म्याद थप गरिनेछ ।
- मापदण्ड विपरित निर्माण भएका घरको नक्सा पास गरिने छैन तर मापदण्ड भित्र भएका घरहरुको हकमा देहाय बमोजिम थप शुल्क लिई नक्सा पास गर्न सकिने छ ।

| **नयाँ निर्माणमा** | | |
|---|---|---|
| क.स. | विवरण | रकम |
| १ | जगको कार्य सम्पन्न | नक्सा पास दस्तुरको २५ प्रतिशत |
| २ | डि.पि.सी. को कार्य सम्पन्न | नक्सा पास दस्तुरको ३५ प्रतिशत |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सा पास दस्तुरको ५० प्रतिशत |
| ४ | ढलानको कार्य सम्पन्न | नक्सा पास दस्तुरको ७५ प्रतिशत |
| ५ | निर्माण कार्य सम्पन्न | नक्सा पास दस्तुरको १०० प्रतिशत |
| **तल्ला थपमा** | | |
| १ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सा पास दस्तुरको ५० प्रतिशत |
| २ | ढलानको कार्य सम्पन्न | नक्सा पास दस्तुरको ७५ प्रतिशत |
| ३ | निर्माण कार्य सम्पन्न | नक्सा पास दस्तुरको १०० प्रतिशत |

- गाउँपालिकाबाट निर्माण कार्य स्विकृती लिएका तर तोकिएको समयभित्र सम्पन्न नलिईएका घरको नक्सा पास गर्दा थप ५० प्रतिशत र नक्सा फरक भई संशोधित नक्सा पेश गर्दा क्षेत्रफल बढी हुन आएमा थप क्षेत्रफलमा हालको नक्सा पास दस्तुरको सत प्रतिशत थप शुल्क लिई नक्सा पास गर्न सकिने छ ।
- पुर्व स्वीकृति लिई नक्सा पास भएको हकमा थप संरचनाको मात्र प्रचलित नियमानुसार गरिने छ ।

| क.स. | **शिक्षा** | | |
|---|---|---|---|
| १. | निजि विद्यालय संचालन अनुमति निवेदन दस्तुर | रु. १,५००/- | |
| २. | निजि विद्यालय कक्षा संचालन तथा स्तरबृद्धिको अनुमति वापत राजश्व | रु. ५,०००/- | |

**पर्यटन शुल्क**

| क.सं. | विवरण | विस्तृत विवरण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | पर्यटन शुल्क | | तोकिएबमोजिम | |

रामनगर गाउँसभाको संवत २०७५ साल असार महिनाको १५ गते शुत्रवारको दिन वसेको सभाको बैठकले स्थानीय सरकार संचालन ऐन २०७५ को दफा २१ बमोजिम यो विधेयक पारित गरेको व्यहोरा प्रमाणित गर्दछु ।

..............................
श्री कृष्ण प्रसाद वर्मा
गाउँसभा आध्यक्ष
रामनगर गाउँपालिका
मिति २०७५/३/१५

# रामनगर गाउँपालिकाको विनियोजन ऐन, २०७५

गाउँसभाबाट स्वीकृत मितिः २०७५/३/१५

**प्रस्तावनाः**

रामनगर गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम रामनगर गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " रामनगर गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

(१) "गाउँ सभा" भन्नाले रामनगर गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(२) "कार्यपालिका" भन्नाले रामनगर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(३) "वडा समिति" भन्नाले रामनगर गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(४) "विषयगत शाखा" भन्नाले रामनगर गाउँपालिका अन्तर्गतको महाशाखा, शाखा, आयोजना, सचिवालय, इकाई, कार्यालय तथा प्रशासनिक इकाई समेतलाई सम्झनु पर्दछ ।

(५) "सञ्चितकोष" भन्नाले रामनगर गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ।

३. **आर्थिक वर्ष २०७५/०७६को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः**

(१) आ.व. २०७५/०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने वा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.२८,७३,४०,०००/-( अक्षेरुपी अठाइस करोड त्रिहत्तरी लाख चालिस हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त रामनगर गाउँपालिका गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानी खर्च र व्याजभुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवाभुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगतखर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा ३ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगतखर्च** | **सशर्त अनुदान** | **वित्तिय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** |
| १ | | गाउँस्तरीय | ८६३६६००० | ४६१५०००० | ० | - | १३२५१६००० |
| २ | | वडास्तरीय | ११०००००० | ३८०००००० | ० | - | ४९०००००० |
| ३ | | बिषयगत शाखा | २८९०९००० | ११५००० | ७६८००००० | - | १०५८२४००० |
| ४ | | ऋणको साँवाव्याज भुत्तानी | ० | ० | | | ० |
| ५ | | लगानी ( शेयर /ऋण) | ० | ० | | | ० |
| ६ | | **कुल जम्मा** | १२७२७५००० | ८३२६५००० | ७६८००००० | | २८७३४०००० |

रामनगर गाउँसभाको संवत २०७५ साल असार महिनाको १५ गते शुक्रवारको दिन वसेको सभाको बैठकले स्थानीय सरकार संचालन ऐन २०७५ को दफा २१ बमोजिम यो विधेयक पारित गरेको व्यहोरा प्रमाणित गर्दछु।

..............................

श्री कृष्ण प्रसाद वर्मा

गाउँसभा अध्यक्ष

रामनगर गाउँपालिका

मिति २०७५/३/१५

......................

आज्ञाले

दिपकमणी पोखरेल

प्रमूख प्रशासकीय अधिकृत

मुल्य रु. २०/-